कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# भगवति हाईड्रोपावर डेभेलपमेण्ट कम्पनी लिमिटेड

रजिष्टर्ड ठेगानाः का.म.न.पा.३२, सुविधानगर, काठमाडौं, टेलिफोन नं. ०१-४१११९४५
E-mail: bhdcpokhara1@gmail.com, Website: www.bhagawatihydro.com.np

को

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीले आफ्नो जारी पूँजी रु.५७,२०,६४,७००/- (अक्षरेपी सन्ताउन्न करोड बीस लाख चौसठ्ठी हजार सात सय मात्र) मध्ये १०% अर्थात रु.५,७२,०६,५००/- (अक्षरेपी पाँच करोड बहत्तर लाख छ हजार पाँच सय मात्र) रकम बराबरको रु.१००/- अंकित दरमा प्रिमियम रकम रु.१६/- थप गरी जम्मा रकम रु.११६/- दरको ५,७२,०६५ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात कास्की जिल्ला पोखरा महानगरपालिका बडा नं. १३, १४, २६ र २७ (साविकको पोखरा उप-महानगरपालिका वडा नं. १३, १४, १८, २२ र लेखनाथ नगरपालिका वडा नं २, ३, ४, ५, ६ र ७) का स्थानीय बासिन्दाहरुका लागी निष्काशन गरिने छ र बाँकी १५% अर्थात रु.८,५८,०९,७००/- (अक्षरेपी आठ करोड अन्ठाउन्न लाख नौ हजार सात सय मात्र) रकम बराबरको रु. १००/- अंकित दरमा प्रिमियम रकम रु.१६/- थप गरी जम्मा रकम रु.११६/- दरको ८,५८,०९७ कित्ता साधारण शेयरको १०% अर्थात ८५,८१० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि, ५% अर्थात ४२,९०५ कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २% अर्थात १७,१६२ कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि छुट्टाइएको र बाँकी ७,१२,२२० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिने छ । प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनमा भएको विवरणको आधारमा आयोजना प्रभावित क्षेत्र छुट्टाइएको हो ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/- अंकित मूल्यमा प्रिमियम रकम रु.१६/- थप गरी जम्मा मूल्य रु.११६/- को दरले (शत प्रतिशत भुक्तानी माग गरिएको)**

**नेटवर्थ सम्बन्धी तालिका**

| विवरण | वास्तविक (आ.व.) | | | अपरिष्कृत* | प्रक्षेपित (आ.व.) | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | चैत्र मसान्त २०७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति शेयर आम्दानी (EPS) | ११.१७ | ८.४४ | १९.२३ | १३.९७ | १२.६४ | १४.२५ | १४.५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११४.९४ | १०९.६ | १२०.४१ | १२६.९१ | १२५.५८ | १२७.३२ | १२९.३२ |
| संचित नाफा/नोक्सान | ५९,३३४,७४५ | ४१,१९४,२८८ | ८७,५७२,७४९ | ११५,४७६,४६६ | १२३,४३७,०९९ | १३३,४२९,००६ | १४४,८६६,३३६ |

*चैत्र मसान्त २०७९ को लेखापरिक्षक तथा व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण अनुसार ।

| आयोजनाको नाम | कुल अनुमानित लागत रकम करोडमा (रु.) | प्रति मेगावाट अनुमानित लागत रकम करोडमा (रु.) | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|---|
| **विजयपुर १ साना जलविद्युत आयोजना** | **रु.७९.६८** | **रु.१७.७०** | अनुमति पत्र वहाल रहने अवधि मिति २०६६/१२/२२ देखि २१०१/१२/२१ सम्म रहेकोले २२ वर्ष ५ महिना बाँकी रहेको छ । | ४.१५ वर्ष | ५.७१ वर्ष |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरेको शेयरहरु सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्गस नेपाल लिमिटेड (Care Ratings Nepal Ltd.), काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७९ चैत्र २२ गते "CARE-NP BBB-(Is) (Triple B Minus [Issuer])" प्रमाणपत्र प्राप्त गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने सस्थालाई समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा मध्यम मात्रामा सुरक्षीत मानिन्छ (moderate degree of safety regarding timely servicing of financial obligation) । केयर रेटिङ्गस नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा CARE-NP AAA (Is) ले बलियो आधार जनाउँछ भने CARE-NP D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहनें +(जोड) वा -(घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थीतीलाई जनाउँदछ ।

**क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०७९/१२/२२** **क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८१/०१/२२**

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मितिः २०८०/०३/०६ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मितिः २०८०/०३/०८

**दोस्रो चरणको निष्काशनः**

सर्वसाधारणका लागि : धितोपत्र निष्काशन खुल्ला हुने मितिः २०८०/०५/०५
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा): २०८०/०५/०८
धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८०/०५/१९

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :**

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.व.नं.२१२००, नारायणचौर, नक्साल, काठमाण्डौ, फोन नं. ४५२०९२४/४५२०९२५ फ्याक्स नं. ४५२०९२९,
इमेलः scl@siddharthacapital.com, वेव साइटः www.siddharthacapital.com

**ख १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा**

**क)** **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

**ख)** **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं सम्झनु पर्दछ ।

**ग)** **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर बुझाउँदछ ।

**घ)** **"संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी भगवति हाईड्रोपावर डेभेलपमेन्ट कम्पनी लिमिटेड, का.म.न.पा. ३२, सुविधानगर, काठमाडौ सम्झनु पर्दछ ।

**ङ)** **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ ।

**च)** **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

**छ)** **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा विद्युत नियमन आयोग सम्झनु पर्दछ ।

**ज)** **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले भगवति हाइड्रोपावर डेभेलपमेन्ट कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

**झ)** **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

**ञ)** **"साधारण लगानी फिर्ता हुने अवधि"** भन्नाले लगानीको लागत उठाउन लाग्ने आवश्यक समय सम्झनु पर्दछ ।

**ट)** **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि"** भन्नाले आयोजनाको भविष्यमा हुने नगद प्रवाहलाई Weighted Average Cost of Capital (WACC) को आधारबाट डिस्काउण्ट गरेर आजको लगानी लागतमा ल्याउन लाग्ने समयसम्झनु पर्दछ ।

**ठ)** **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई सम्झनु पर्दछ ।

**ड)** **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई सम्झनु पर्दछ ।

**ढ)** **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरु जनाउँछ ।

**ण)** **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ ।

**त)** **"प्रिमियम मुल्यको शेयर"** भन्नाले शेयरको अंकित मुल्य भन्दा बढि मुल्यमा बिक्री हुने गरी कम्पनीले जारी गरेको शेयर सम्झनु पर्दछ ।

**थ)** **"आधारभुत शेयरधनी"** भन्नाले यस संस्थाको चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको कुनै पनि शेयरधनीलाई सम्झनु पर्छ ।

**ख.२. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

**विवरणपत्र पाइने स्थानहरु :**

१. सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
२. भगवति हाईड्रोपावर डेभेलपमेण्ट कम्पनी लिमिटेड, सुविधानगर, काठमाण्डौ ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.siddharthacapital.com, र निष्काशनकर्ता कम्पनीको वेभसाइट www.bhagawatihydro.com.np, वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

स्थानीय बासिन्दाहरुको निष्काशन तथा विक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त बुझिलिने व्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ ।

| क्र.सं. | संकलन केन्द्र, ठेगाना | क्र.सं. | संकलन केन्द्र, ठेगाना |
|---|---|---|---|
| १. | सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं | ४. | कुमारी बैंक लिमिटेड, लेखनाथ शाखा, कास्की |
| २. | सिद्धार्थ बैंक लिमिटेड, लेखनाथ शाखा, कास्की | ५. | कुमारी बैंक लिमिटेड, काहुनखोला शाखा, कास्की |
| ३. | कामना सेवा विकास बैंक लिमिटेड, लेखनाथ शाखा, कास्की | | |

यसका माथि उल्लेखित संकलन केन्द्रहरुको अलावा नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

आयोजना प्रभावित क्षेत्र अर्थात कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १३, १४, २६ र २७ (साविकको पोखरा उप-महानगरपालिका वडा नं. १३, १४, १८, २२ र लेखनाथ नगरपालिका वडा नं २, ३, ४, ५, ६ र ७ ) का स्थानीय बासिन्दाहरुले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु. २/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ । दरखास्त फाराम तोकिएको संकलन केन्द्रहरुबाट वा सिद्धार्थ क्यापिटल लिमिटेडको वेवसाइट www.siddharthacapital.com, भगवति हाईड्रोपावर डेभेलपमेन्ट कम्पनी लिमिटेडको वेभसाइट www.bhagawatihydro.com.np बाट डाउनलोड गरेर पनि प्राप्त गर्न सकिनेछ । साथै भौगोलिक जटिलता, मौसमी प्रतिकुलता, प्रकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने विशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई सिमित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिनेछ ।

## १) धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषणः

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## २) संगठित संस्थाको उद्घोषण :

### क) संचालकको जिम्मेवारी तथा जवाफ देहीता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छौं र लगानीकर्ताहरूलाई लगानी सम्बन्धी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

### ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :

यस संगठित संस्थाले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो व्यवसायसँग सम्बन्धीत नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौ । कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/०२ को पत्रानुसार आ.व.२०७८/७९ सम्म कम्पनी अद्यावधिक रहेको छ । यस कम्पनीले विद्युत नियमन आयोगबाट शेयरको सार्वजनिक निष्काशनको लागि मिति २०७९/०६/११ गते पूर्व स्वीकृती समेत प्राप्त गरिसकेको छ ।

### घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**३)** **संगठित संस्था सम्बन्धी जानकारी :**

**क)** **संगठित संस्थाको पृष्ठभूमि**

(क) **संगठित संस्थाको नामः** भगवति हाईड्रोपावर डेभेलपमेण्ट कम्पनी लिमिटेड (Bhagawati Hydropower Development Company Limited)

(ख) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२, सुविधानगरमा रहेको छ । आवश्यकता अनुसार प्रचलित कानूनको अधिनमा रही सम्बन्धित निकायबाट स्विकृति लिई नेपाल भित्र कर्पोरेट र शाखा कार्यालयहरु स्थापना गर्न वा बन्द गर्न सक्नेछ ।

(घ) **कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं महानगरपालिका, वडा नं.३२, सुविधानगर, काठमाडौं र जलविद्युत उत्पादन केन्द्र कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं.२६ मा रहेको छ ।

(ङ) **संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

- भगवति हाइड्रोपावर डेभेलपमेन्ट कम्पनी लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०५७/०९/०३ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७५/०१/०६ गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२, सुविधानगरमा रहेको छ ।
- नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट मिति २०६६/१२/२२ (पत्र संख्याः १४५०/०६६/६७) मा ४.५ मे.वा विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति २१०१/१२/२१ गते सम्म बहाल रहनेछ ।
- यस कम्पनीले पोखरा महानगरपालिकाको विजयपुर खोलाको पानी उपयोग गरी ४.५ मेगावाट क्षमताको विजयपुर-१ साना जलविद्युत आयोजना निर्माण गरिसकेको छ ।

  संगठित संस्थाको विजयपुर-१ साना जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

  **विद्युत परियोजनाको नामः** विजयपुर-१ साना जलविद्युत आयोजना
  **विद्युत गृह स्थलः** पोखरा म.न.पा. वडा नं. २६ (साविक लेखनाथ नगरपालिका वडा नं. ५)
  **श्रोत नदीः** विजयपुर खोलाको पानी
  **आयोजनाको किसिम** : रन अफ रिभर
  **विद्युत उत्पादन अनुमति प्राप्त मितिः** २०६६/१२/२२
  **विद्युत उत्पादन अनुमति वहाल रहने मितिः** २०६६/१२/२२ देखि २१०१/१२/२१ सम्म
  **व्यापारिक उत्पादन शुरु भएको मिति (Commercial Operation Date) :** २०६९/०५/०५
  **जडित क्षमताः** ४.५ मेगावाट
  **आयोजनाको कुल लागतः** रु.७९,६८,२९,८१८.६८
  **आयोजनाको प्रति मेगावाट लागतः** रु.१७,७०,७३,२९३.०४
  **आयोजनाको साधारण लगानी फिर्ता हुने अवधिः** ४.१५ वर्ष
  **आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधिः** ५.७१ वर्ष
  **नेट प्रेजेण्ट भ्यालु** Net Present Value (NPV) : ४२,१२,६४,५७७/-
  **इन्टर्नल रेट अफ रिर्टन** Internal Rate of Return : १२.९९ प्रतिशत
  NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

**Calculation of Payback Period, Internal Rate of Return (IRR) and Net Present Value (NPV)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|---|---|---|
| संचालनको वर्ष | ० | १ | २ | ३ | ४ | ५ |
| आयोजनाको लागत | (५८३,४४६,५३३) | | | | | |
| कर पछिको आम्दानी | ८२,५०८,८६१ | ७२,३३३,४७२ | ८१,४९९,९९५ | ८२,९४५,४१७ | ८२,०६६,३४३ | ८५,९८८,१३२ |
| Terminal Value | | | | | | |
| ह्रासकटी | २९,३७९,७९८ | २९,४२७,०९५ | २९,३५४,३१५ | २९,२९७,८५१ | २९,२५३,९६० | २९,२१९,७६९ |
| वित्तीय लागत | १२,१५७,६७३ | ६,०५४,५५३ | - | - | - | - |
| Return | (४५९,४००,२०२) | १०७,८१५,१२० | ११०,८५४,३१० | ११२,२४३,२६९ | १११,३२०,३०३ | ११५,२०७,९०२ |
| Cumulative Return | (४५९,४००,२०२) | (३५१,५८५,०८१) | (२४०,७३०,७७२) | (१२८,४८७,५०३) | (१७,१६७,२००) | ९८,०४०,७०२ |
| Discount Factor | १.०००० | ०.९०९१ | ०.८२६४ | ०.७५१३ | ०.६८३० | ०.६२०९ |
| Present Value of Annual Return | (४५९,४००,२०२) | ९८,०१३,७४६ | ९१,६१५,१३२ | ८४,३३०,०२९ | ७६,०३३,२६५ | ७१,५३५,०४३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Present Value of Cumulative Return | (४५९,४००,२०२) | (३६१,३८६,४५६) | (२६९,७७१,३२४) | (१८५,४४१,२९५) | (१०९,४०८,०३०) | (३७,८७२,९८७) |
| **विवरण** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** | **२०८७/८८** | **२०८८/८९** | |
| संचालनको वर्ष | ६ | ७ | ८ | ९ | १० | |
| आयोजनाको लागत | | | | | | |
| कर पछिको आम्दानी | ६५,७५७,३५४ | ६६,२३३,६१२ | ६५,०६६,१६९ | ६७,१३३,०८६ | ६७,६३१,४१९ | |
| Terminal Value | | | | | ९९४,२९३,५२२ | |
| ह्रासकटी | २९,१९३,०८० | २९,१७२,१९८ | २९,१५५,८२५ | २९,१४२,९५६ | २९,१३२,८१७ | |
| वित्तीय लागत | - | - | - | - | - | |
| Return | ९४,९५०,४३३ | ९५,४०५,८१० | ९४,२२१,९९४ | ९६,२७६,०४२ | १,०९१,०५७,७५८ | |
| Cumulative Return | १९२,९९१,१३५ | २८८,३९६,९४५ | ३८२,६१८,९३९ | ४७८,८९४,९८१ | १,५६९,९५२,७४० | |
| Discount Factor | ०.५६४५ | ०.५१३२ | ०.४६६५ | ०.४२४१ | ०.३८५५ | |
| Present Value of Annual Return | ५३,५९७,०४४ | ४८,९५८,२६६ | ४३,९५५,२५६ | ४०,८३०,४४० | २७१,७९६,५५९ | |
| Present Value of Cumulative Return | १५,७२४,०५७ | ६४,६८२,३२३ | १०८,६३७,५७८ | १४९,४६८,०१९ | ४२१,२६४,५७७ | |

| | |
|---|---|
| डिस्काउण्ट रेट | १०.००% |
| फिर्ता हुने अवधि | |
| साधारण लगानी फिर्ता हुने अवधि | ४.१५ वर्ष |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | ५.७१ वर्ष |
| इन्टर्नल रेट अफ रिर्टन Internal Rate of Return (IRR) | १२.९९ % |
| नेट प्रेजेण्ट भ्याल Net Present Value (NPV) | ४२१,२६४,५७७ |

नोट : आयोजनाको निर्माण सम्पन्न हुँदा वास्तविक लागत रु.७९,६८,२९,८१८.६८ रहेकोमा हाल IRR गणनाको लागि आयोजनाको लागत आ.व.२०७८/७९ को खुद सम्पत्ति मुल्य रु.५८,३४,४६,५३३/- लाई आधार मानी गणना गरिएको ।

Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0
   Where,
   r = Discount rate
   t = Number of time periods

2. IRR= Ct - C0 (1+r)t
   where,
   Ct = Net cash inflow during the period t
   C0= Total initial investment costs
   r = Discount rate
   t = Number of time periods

- भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको अगुवाईमा नेपाल बैंक लिमिटेड तथा नबिल बैंक लिमिटेडका बीच विजयपुर १ साना जलविद्युत आयोजना निर्माण गर्न रु. ४६ करोड बराबरको बैंक ऋण सम्झौता भएको छ । साथै मिति २०७० जेष्ठ ९ गते थप रु. ११.९७ करोड ऋणको लागि पूरक सम्झौता भएको हो ।
- यस आयोजनाको १०० प्रतिशत कार्य सम्पन्न भई मिति २०६९ भाद्र ५ गते मध्यान १२:०० बजे देखि आयोजनाको व्यापारिक उत्पादन शुरु (Commercial Operation Date) भईसकेको छ । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विवरण | कार्य प्रगती | कार्य सम्पन्न % |
|---|---|---|
| १. वित्तीय व्यवस्थापन | सम्पन्न | १०० % |
| २. आधारभुत संरचनाहरु | | |
| क) आवास गृह निर्माण | सम्पन्न | १०० % |
| ख) पहुंच सडक निर्माण | सम्पन्न | १०० % |
| ग) विस्तृत ईन्जिनियरीङ्ग डिजाईन | सम्पन्न | १०० % |
| ३. सिभिल निर्माण कार्य | | |
| क) बाँध, | सम्पन्न | १०० % |
| ख) डिसेन्डर | सम्पन्न | १०० % |

| | | |
|---|---|---|
| ग) गेट संरचनाहरु | सम्पन्न | १०० % |
| घ) कनेक्टीङ्ग क्यानल संरचनाहरु | सम्पन्न | १०० % |
| ङ) बिद्युत गृह तथा निकास नहर | सम्पन्न | १०० % |
| च) स्वीचयार्ड | सम्पन्न | १०० % |
| ४. हाइड्रो मेकानिकल निर्माण कार्य | सम्पन्न | १०० % |
| ५. मेशिन तथा अन्य उपकरणहरु | | |
| (क) मेशिन तथा अन्य उपकरणहरु आयात | सम्पन्न | १०० % |
| (ख) मेशिन तथा अन्य उपकरणहरु जडान | सम्पन्न | १०० % |
| ६. प्रसारण लाईन | सम्पन्न | १०० % |
| व्यापारिक उत्पादन शुरु (Commercial Operation Date) | २०६९/०५/०५ गते | |

- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजार तथा अन्य उपकरणहरुको पुनस्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका वीमाहरू गरेको छ ।
- यस ४.५ मेगावाट क्षमताको विजयपुर १ साना जलविद्युत आयोजनाको लागत रु. ७९.६८ करोड रहेको छ । प्रति मेगावाट उत्पादन लागत रु. १७.७० करोड रहेको छ । लागतको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | कुल लागत (रु.) |
|---|---|---|
| १ | प्री-अपरेटिङ्ग खर्च (Pre-operating Expenses) | ९०,१७,१७५.८९ |
| २ | सिभिल वर्क्स (Civil Works ) | २६,५५,५८,९१७.९६ |
| ३ | मेटल वर्क्स कस्ट (Metal Works Cost) | ८,३९,४७,१९३.७५ |
| ४ | प्लान्ट र मेशीनरी कस्ट (Plant and machinery cost) | १६,७१,४५,५९९.४८ |
| ५ | प्रशारण लाईन/स्वीचयार्ड (Transmission Line) | २,०१,११,३१९.१४ |
| ६ | जग्गा खरीद (Land Acquisition) | ४,०१,५५,७२२.५० |
| ७ | साइट कार्यालय भवन | ५९,५८,३७५.९४ |
| ८ | वहान खर्च | २१,२९,५४३.०० |
| ९ | कार्यालय उपकरण लागत | १६,०५,६८१.०९ |
| १० | पूर्वाधार विकास खर्च | २,०२,९७,४१४.०० |
| ११ | वातावरण सामाजिक न्यूनीकरण लागत (Environmental / Social mitigation Cost) | २,८९,६४,५३२.०५ |
| १२ | परियोजना सुपरिवेक्षण तथा व्यवस्थापन (Project Supervision / Management and Engineering) | ४,००,१२,१८०.०१ |
| १३ | इन्जिनियरीङ्ग, डिजाइन एण्ड ड्रइङ्ग (Engineering, Design and Drawing) | १,०८,४५,७२३ |
| १४ | बीमा (Insurance) | २७,६५,६१६.७८ |
| १५ | Interest During Construction (IDC) | ९,८३,१४,८२४.०९ |
| **Total Cost with Interest During Construction** | | **७९,६८,२९,८१८.६८** |

- कम्पनीले निर्माण गर्दै गरेको विजयपुर १ साना जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६/०३/३० गते ४,४१० किलोवाटको विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको र विद्युत खरिद बिक्री सम्झौता पहिलो संशोधन मिति २०६७/१२/०८ गते, दोस्रो संशोधन मिति २०६९/०३/२० र तेस्रो संशोधन २०७३/१२/०१ र चौथो संशोधन २०७८/०५/२७ मा सम्पन्न भएको छ ।
- कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०६६ ज्येष्ठ १४ गते कनेक्सन सम्झौता भएको छ जस अन्तर्गत यस आयोजनाको Delivery Point पोखरा म.न.पा स्थित प्राधिकरणको लेखनाथ सवस्टेशनमा रहेको छ । हाल यस आयोजनाको प्रशारण लाइनको १०० प्रतिशत काम सम्पन्न भई सञ्चालनमा छ ।
- कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् ।

क) विजयपुर १ साना जलविद्युतबाट वार्षिक २,८७,९३,०५४ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको

लागि १,९९,९४,५१० किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी ८७,९८,५४४ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

ख) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.०० (चार रुपैया मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ७.०० (सात रुपैया मात्र) विद्युत खरीद दरले हुने आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंकलाई बुझाउनेछ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commerical Operation Date) लाई आधार वर्ष मानी त्यसपछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले नौ पटकसम्म मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| आर्थिक वर्ष | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादन शुरु हुने मिति (COD) | ७ | ४ |
| COD पछिको पहिलो आर्थिक वर्ष | ७.२१ | ४.१२ |
| COD पछिको दोस्रो आर्थिक वर्ष | ७.४२ | ४.२४ |
| COD पछिको तेश्रो आर्थिक वर्ष | ७.६३ | ४.३६ |
| COD पछिको चौथौं आर्थिक वर्ष | ७.८४ | ४.४८ |
| COD पछिको पाँचौं आर्थिक वर्ष | ८.०५ | ४.६० |
| COD पछिको छैठौं आर्थिक वर्ष | ८.२६ | ४.७२ |
| COD पछिको सातौं आर्थिक वर्ष | ८.४७ | ४.८४ |
| COD पछिको आठौं आर्थिक वर्ष | ८.६८ | ४.९६ |
| COD पछिको नवौं आर्थिक वर्षदेखि सम्झौता अवधिसम्म | ८.८९ | ५.०८ |

ग) मिति २०६९/०३/२० मा कम्पनी र नेपाल विद्युत प्राधिकरण वीच सम्पन्न विद्युत खरिद/बिक्री सम्झौता को दोश्रो संशोधन अनुसार विद्युतको खरिद मुल्य वर्षायामका (वैशाख देखि मार्ग) आठ महिनाको लागि प्रति किलोवाट रु.४.८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुन र चैत्र) का लागी प्रति किलोवाट रु.८.४०. (आठ रुपैयाँ चालिस पैसा मात्र) मा ५ वर्ष सम्मको लागि बार्षिक ३% का दरले साधारण मुल्यबृद्धि दिँदा हुन आउने खरिददर दिइने छ ।

घ) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.२ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

ङ) विद्युत खरीद दर "सुचिकृत दर (Posted Rate)" सम्बन्धी व्यवस्था निम्नानुसार हुनेछ । "सुचिकृत दर (Posted Rate)" भन्नाले वर्षा याममा उर्जा खरीद गर्ने दर ने.रु. ४.८० र सुख्खा याममा उर्जा खरीद गर्ने दर ने.रु. ८.४० मा ५ वर्ष सम्मको लागि वार्षिक ३ प्रतिशतका दरले साधारण मूल्यबृद्धि सहित गणना गरी हुन आउने दरलाई जाउनेछ ।

| अवधि (PCOD र COD बीचको ढिलो भएको दिन अन्तरपछिको मितिदेखि PCOD बाट सातवर्षसम्म PCOD लाई आधार मिति मानी लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी) | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औ महिना सम्म | ८.४० | ४.८० |
| १३ औ महिना देखि २४ औ महिना सम्म | ८.६५ | ४.९४ |
| २५ औ महिना देखि ३६ औ महिना सम्म | ८.९० | ५.०९ |
| ३७ औ महिना देखि ४८ औ महिना सम्म | ९.१६ | ५.२३ |
| ४९ औ महिना देखि ६० औ महिना सम्म | ९.४१ | ५.३८ |
| ६१ औ महिना देखि ८४ औं महिनासम्म | ९.६६ | ५.५२ |

क) PCOD भित्रै COD परेमा

क क) COD देखि PCOD सम्मको अवधीमा साविक विद्युत खरीद बिक्री सम्झौता अनुसार हुन आउने खरीद दर लागू हुनेछ ।

क ख) PCOD देखि सात वर्ष सम्म PCOD लाई आधार मिति मानी आधार मितिमा वर्षा याममा रु. ४.८० र सुख्खा याममा रु. ८.४० कायम गरी आधार मितिको खरीद दरमा बार्षिक ३ प्रतिशतका दरले पाँच पटक साधारण मूल्यबृद्धि दिँदा हुन आउने खरीददर तत्सयममा दिइनेछ ।

क ग) PCOD को सात वर्ष पश्चात् COD भएको वर्षलाई आधार वर्ष मानी साविकको विद्युत खरीद बिक्री सम्झौता प्रावधान अनुसार मूल्यबृद्धि समेत गर्दा जुन अवधीमा जुन खरीद दर हुन आउछ सो खरीद दर विद्युत खरीद बिक्री सम्झौताको बाँकी अवधी भर लागू हुनेछ ।

ख) PCOD भन्दा ढिला COD हुन गएमा

ख क) PCOD र COD बीचको ढिला भएको दिन अन्तर गण्ना गरिने छ ।

ख ख) COD देखि उक्त ढिला भएको दिन अन्तरको अवधिसम्म साविकको विद्युत खरीद बिक्री सम्झौता अनुसार हुन आउने खरीद दर लागू हुनेछ ।

ख ग) ढिला भएको दिन अन्तरपछिको मितिदेखि PCOD बाट सात वर्षसम्म PCOD लाई आधार मिति मानि आधार मितिमा वर्षा यममा रु ४.८० र सुख्खा याममा ८.४० कायम गरी आधार मितिको खरीद दरमा वार्षिक ३% का दरले पाँच पटक साधारण मूल्यवृद्धि दिँदा हुन आउने खरीददर तत् समयमा दिइनेछ ।

ख घ) PCOD को सात वर्ष पश्चात् COD भएको वर्षलाई आधार वर्ष मानि साविकको विद्युत खरिद बिक्री सम्झौताको प्रावधान अनुसार मूल्यवृद्धि समेत गर्दा जुन अवधीमा जुन खरीद दर हुन आउँछ सो खरीद दर विद्युत बिक्री खरीद सम्झौताको बाँकी अवधीभर लागु हुनेछ ।

ङ) कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । कम्पनीबाट हुन पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनी बाट आपूर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समयभित्र पूरा गरि सक्नुपर्नेछ । समयमै आयोजनाको निमार्ण एवं अन्य आवश्यक कार्य सम्पन्न गरि आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सुचना दिई सकेपछि प्राधिकरणको कारणले आयोजनाबाट व्यापरिक उत्पादन तोकिएको समयमा हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ । यसरी कम्पनीले प्रधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सुत्र अनुसार हिसाब गरिनेछ ।

हर्जाना रकम रु. = ०.०५ × कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन सुरु हुने मिति बीचको दिन अन्तरको अवधिका उर्जा × आधार वर्षको खरिद दर ।

प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ ।

मिति २०७८/०५/२७ मा कम्पनी र नेपाल विद्युत प्राधिकरण वीच सम्पन्न विद्युत खरिद/बिक्री सम्झौता को चौथौं संशोधन अनुसार कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को अधारमा प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । तर मूल सम्झौताको अन्य कुनै दफा/उपदफामा जेसुकै लेखिएको भएता पनि आयोजनाबाट आपुर्ति भएको मासिक उर्जा (Delivered Energy) कम्पनीद्धारा पूर्वानुमान गरिएको उर्जा भन्दा कम भएमा सो बापत कम्पनीले प्राधिकरणलाई कुनै क्षतिपुर्ति तिर्नु पर्ने छैन । आयोजनाबाट आपुर्ति भएको मासिक उर्जा Availability Declaration भन्दा बढी तर कन्ट्रयाक्ट इनर्जी भन्दा कम भएको अवस्थामा सो फरक

परिमाणलाई सम्झौता बमोजिमको विद्युत खरीद दरको ५०% (पचास प्रतिशत) दरमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ । तर आयोजनाबाट आपुर्ति भएको उर्जा कन्ट्र्याक्ट इनर्जी भन्दा बढी भएको अवस्थामा कम्पनीलाई भुक्तानी दिने सम्बन्धमा मूल सम्झौतामा उल्लेखित अतिरिक्त उर्जा सम्बन्धी प्रावधान अनुसार नै हुनेछ ।

## सम्झौताहरु तथा विभिन्न नियमन निकायबाट प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजतको विवरण

| क्र.स. | सम्झौता गर्ने निकाय तथा संस्था | सम्झौताको विषय बस्तु | सम्झौताको मिति | सम्झौता बहाल रहने अवधि |
|---|---|---|---|---|
| १. | नेपाल विद्युत प्राधिकरण | विद्युत खरिद विक्री सम्बन्धी सम्झौता | २०६६/०३/३० | व्यापारिक उत्पादन शुरु हुने मितिले ३० (तीस) वर्ष सम्म |
| २. | • राष्ट्रिय वाणिज्य बैंक लिमिटेड<br>• नेपाल बैंक लिमिटेड<br>• नबिल बैंक लिमिटेड | ऋण सम्झौता (Facility Agreement) | २०६६/१२/३१ | ऋण भुक्तानी नभए सम्म |
| ३. | सिद्धार्थ क्यापिटल लिमिटेड | शेयर निष्काशन तथा विक्री प्रबन्ध गर्ने | २०७८/०९/१६ | २०८०/०९/१५ |
| ४. | नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड | शेयर प्रत्याभूति | २०७९/१२/३० | २०८०/०६/२९ |
| **क्र.स.** | **स्वीकृति/अनुमति/इजाजत दिने निकाय तथा संस्था** | **इजाजतको विषय बस्तु** | **इजाजतको मिति** | **इजाजतको बहाल रहने अवधि** |
| १. | कम्पनी रजिष्ट्ररको कार्यालय | प्राइभेट लिमिटेडको रुपमा दर्ता | २०५७/०९/०३ | |
| २. | कम्पनी रजिष्ट्ररको कार्यालय | पब्लिक लिमिटेडमा परिणत भएको | २०७५/०१/०६ | |
| ३. | उद्योग विभाग | उद्योग दर्ता | २०६६/०६/२२ | |
| ४. | विद्युत विकास विभाग | विद्युत उत्पादनको अनुमति पत्र | २०६६/१२/२२ | २१०१/१२/२१ |

## प्रबन्धपत्र नियमावलीमा हाल सम्म भएको मुख्य संशोधनः

| क्र. स. | सम्वन्धित दफा | संशोधनको विषय | संशोधन स्वीकृत भएको संचालक समितिको | | संशोधन स्वीकृत गर्ने साधारण सभाको मिति | स्वीकृत संशोधन नियमन निकाय वा कम्पनी रजिष्टारको कार्यलयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|---|---|
| | | | निर्णय नं. | मिति | | |
| १. | प्रबन्धपत्र तथा नियमावलीको दफा ५ को (क) र (ख) | अधिकृत तथा जारी पूँजी वृद्धी सम्वन्धमा | निर्णय नं. ख (५) | २०६६/०४/०५ | २०६६/०४/२७ | २०६६/०५/१६ |
| २. | प्रबन्धपत्र तथा नियमावलीको दफा ५ (ख) | जारी पूँजी वृद्धी सम्वन्धमा | निर्णय नं. १ (६) | २०६८/०८/२४ | २०६८/०९/२५ | २०६९/१२/१४ |
| ३. | प्रबन्धपत्रको दफा ५ (ख) तथा नियमावलीको दफा ५ (ख) र दफा ६ | जारी पूँजी वृद्धी तथा संचालक समितिको पदावधि सम्वन्धमा | निर्णय नं. ख (१) तथा ख (३) | २०७१/०८/२५ | २०७१/०९/२५ | २०७२/०९/०८ |
| ४. | प्रबन्धपत्र तथा नियमावलीको दफा २ को (क) र (ख) तथा दफा ५ (ख) | कम्पनीको रजिष्ट्राड कार्यलय परिवर्तन तथा जारी पूँजी वृद्धी सम्वन्धमा | निर्णय नं. ख (१) तथा ख (३) | २०७२/०९/०२ | २०७२/०९/२५ | २०७२/११/१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | प्रबन्धपत्र तथा नियमावलीको दफा ५ (ख) | जारी पूँजी वृद्धी तथा प्रा.लि. बाट प.लि.मा परिणत गरिएको सम्बन्धमा | निर्णय नं. २ को (६) र (८) | २०७४/०९/१३ | २०७४/०९/२९ | २०७५/०१/०६ |
| ६. | प्रबन्धपत्रको दफा ६ (ग) | चुक्ता पूँजी वृद्धी सम्बन्धमा | निर्णय नं. २ को (७) | २०७७/०५/१२ | २०७७/०६/०९ | २०७८/०३/०९ |
| ७. | प्रबन्धपत्रको दफा ६ (ख) तथा दफा ७ (४) | प्रिमियम मूल्यमा प्राथमिक शेयर निष्काशन तथा जारी पूँजी वृद्धी सम्बन्धमा | निर्णय नं. २ को (३) | २०७९/०१/०२ | २०७९/०१/२० | २०७९/०२/२० |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।**

(१) देशमा जलविद्युत शक्तिको विकास गर्ने, स्वदेशी वा विदेशी संघ संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युत शक्ति उत्पादन, वितरण, सञ्चालन मर्मत संभार आदि कार्य गर्ने ।

(२) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरुसंग सम्पर्क गरी पारस्परीक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रशारण लाईन मार्फत बिक्री गर्ने वा स्थानिय स्तरमा विद्युत सप्लाई तथा वितरण गर्ने वा अन्य आइपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

(३) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृती लिई नेपालमा नदी नालाहरुबाट विभिन्न स्तरका जलविद्युत आयोजना निर्माण गरी संचालन गर्ने । वायु शक्ति, सोलार, डिजल प्लान्ट वा अन्य विकसित प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका योजनाहरु तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

(४) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जल विद्युत केन्द्रहरुको पुन: संचालन गर्ने, विद्युत उत्पादन वृद्धिका लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसंग सम्बन्धित सेवा व्यवसाय गरी विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

(५) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याति प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसंग सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरुमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने, देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

(६) विद्युत प्रसारणको लागि विभिन्न भोल्टेजको ट्रान्समिसन लाइनहरुको अध्ययन, निर्माण, मर्मत, संभार तथा सञ्चालन सम्बन्धी कामहरु गर्ने ।

(७) विद्युत सम्बन्धी उपकरणहरु, मेशीन औजारहरु, सामान विदेशबाट आयात तथा खरिद गरी उपयोग गर्ने, बिक्री वितरण गर्ने, एजेन्सी कार्य गर्ने ।

(८) जलविद्युत, बैंक, बीमा, सिमेन्ट, फलाम, छड वा डण्डी तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने ।

(९) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने ।

अ. सिभिल, इलेक्ट्रिकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

आ. वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक वस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

इ. जलविद्युत आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण, तथा मुल्याङ्कन गर्ने ।

ई. नविकरणिय उर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने ।

उ. जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको

**(छ) अन्य विवरणहरु :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** विद्युत शक्तिको उत्पादन, वितरण, सञ्चालन मर्मत संभार आदि कार्य गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** यो परियोजना Run off River मा आधारित जलविद्युत आयोजना हो । यस परियोजनामा Run off River प्रकारको जलविद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्रः**
कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत् वितरण गर्ने व्यवस्था मिलाईएको छ र कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहेको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः**
कम्पनीले एकल रूपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागी व्यवसायीक रुपमा सम्भाब्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुमा लगानी गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी उद्यमीको रुपमा आफुलाई स्थापित गर्ने क्रममा रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः**
कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको छ र कम्पनीको प्रमुख बजार नेपाल भर रहेको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**
विजयपुर १ साना जलविद्युत आयोजनाको उत्पादन क्षमता ४.५ मेगावाट रहेको र सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई ग्रीड मार्फत् आपूर्ति गरिएको छ ।
हाल भैरहेको उत्पादन परिमाण देहाय बमोजिम रहेको ।

| मिति | विद्युत उत्पादन (KWh) |
|---|---|
| पौष २०७९ | १,२७२,३४८.०० |
| माघ २०७९ | १,९५२,२६०.२० |
| फागुन २०७९ | १,९०२,७८९.९० |
| चैत्र २०७९ | १,३२२,३५७.०० |
| बैशाख २०८० | १,११९,६३०.६० |
| जेठ २०८० | १,४२८,०४३.३५ |

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलव्धता :**
विजयपुर खोलाको पानी, डिजाइन डिस्चार्ज ८.३ घनमिटर प्रति सेकेण्ड, अनुमतिपत्रको अवधिभर स्वीकृत प्राप्त गरेको ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ । यस आयोजनाको सम्पुर्ण संरचना जस्तै Hydro-Mechanical works, Electro-Mechanical works, Civil works (Headworks, Powerhouse, Transmission Line, Machinery breakdown) लगायतका कुरालाई मध्यनजर गरी बीमा गरिएको छ, साथै मर्मत सम्भारका लागि पनि सोहि अनुसार व्यवस्था गरी उचित वातावरणमा राखिएको छ ।

(१०) **अनुसन्धान तथा विकास :**
कम्पनीले आफ्नो आयोजनाको प्रभावकारीता अभिवृद्धिका निमित्त आवश्यक अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु गरिरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**
सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**
सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
नेपाल विद्युत प्राधिकरणबाट भाद्र २०७९ मा प्रकाशित प्रतिवेदन (A year in review - Fiscal Year 2021/2022) अनुसार २०२२ मा Total Availability(GWh) विद्युत ११,०६४ मध्ये १,५४३ GWh विद्युत

भारतबाट आयात गरिएको अवस्था अनुसार राज्यलाई आवश्यक विद्युत उत्पादनमा हालसम्म पनि आत्मनिरभर हुन नसकेको देखिन्छ । साथै समय सगै विद्युतको उपभोग वृद्धि हुँदै जाने तथा यस कम्पनीबाट उत्पादित सम्पूर्ण विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा बजारको लागि अन्य समान उद्योगहरु बिच प्रतिस्पर्धा नहुने ।
यस कम्पनीको कुल विद्युत उत्पादन क्षमता ४.५ मेगावाट मात्र रहेको हुँदा यो आयोजनाले बजारको सानो अंश मात्र परिपूर्ति गर्ने र ठूलो परिमाणमा उर्जाको माग रहेको हुँदा बजारको समस्या रहेको छैन ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :**
कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएको हुँदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण):**

| सि.नं. | विवरण | सप्लायर्सको नाम | रकम (रु.) |
|---|---|---|---|
| १. | Design, Supply, & Delivery of Electro – Mechanical Equipment | Hunan Allonward Hydro-Generating Equipment Co., Ltd. | १६,७१,४५,५९९.४८ |
| २. | हाइड्रो मेकानिकल वर्क्स | Machhapuchhre Metal & Machinery Works P. Ltd., Pokhara | ४,७६,९७,१३६.०० |
| ३. | सिभिल वर्क्स | K.C. Consrutuction Firm, Pokhara | २५,०८,३८,२३३.०० |

## ख) सम्पत्तिको विवरण

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः**
भगवति हाइड्रोपावर डेभेलपमेन्ट कम्पनी लिमिटेडको ४.५ मेगावाट क्षमताका विजयपुर १ साना जलविद्युत आयोजनाको जलविद्युत केन्द्रको सिभिल संरचनाहरु पोखरा म.न.पा. वडा नं १४ र २६ कास्की जिल्लामा रहेको छ । हाल सम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण अनुसूची १ मा समावेश गरिएको छ । सम्पूर्ण उपकरणहरु परियोजना निर्माण स्थलमा रहेको र जडान कार्यहरु पुरा भई हाल संचालनमा रहेको छ । साथै सम्पूर्ण सवारी साधनहरु खरीद भई प्राप्त भईसकेको र उक्त सम्पूर्ण सवारी साधनहरु हाल संचालनमा रहेका छन् ।

**(ख) बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्नेः**
माथि बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति भएको र आयोजनाको लागि तपसिल बमोजिम जग्गा लिजमा लिएको छ :

| क.स. | जग्गाधनीको नाम | क्षेत्रफल | वार्षिक रकम (रु.)* | सम्झौता मिति | लिज अवधि |
|---|---|---|---|---|---|
| १ | श्री राम ज्योती नि.मा.वि. | १४५ रोपनी | ९,१०,०००/- | २०६६ भदौ ३ | ५० वर्ष |

उक्त रकम प्रक्षेपित वित्तीय विवरणको नियमित्त प्रसाशनिक खर्च शिर्षक अन्तर्गत उल्लेख गरिएको छ ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :
यो परियोजना निर्माण तथा संचालनका लागि आवश्यक ऋण पूँजी जुटाउन परियोजनाका भौतिक संरचनाहरु राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सह वित्तीयकरणमा नबिल बैंक लिमिटेड तथा नेपाल बैंक लिमिटेडको नाममा सम्पत्ति धितोमा रहेको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**
कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** :
कम्पनीको सम्पुर्ण सम्पत्तिहरु ऐतिहासिक लागत मुल्यमा मुल्यांकन गरिएको छ ।

## ग) भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

- कम्पनीको मुख्य उद्देश्य जलविद्युत आयोजनाहरुको अध्ययन, आयोजना निर्माण, विद्युत वितरण र अन्य जलविद्युत कम्पनीहरुमा लगानी गरी नेपालको जलविद्युत विकासमा १० वर्ष भित्र एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ । सोहि उद्देश्य अनुरुप २ वर्ष भित्रमा यस कम्पनीले सम्भाव्य नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन गरी त्यस्ता आयोजनाहरुको विकास गर्ने तथा उपयुक्त नँया आयोजनाहरुमा लगानी गर्नेछ ।
- आयोजनाको अवधिभर यस कम्पनीले प्रचलित नियम कानूनमा भएको व्यवस्थाको अधिनमा रही देशमा रहेको जलश्रोतको अधिकतम उपयोगबाट विद्युत उत्पादन गर्ने र सो विद्युतलाई बिक्री वितरण गर्ने रहेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :**

नेपाल विद्युत प्राधिकरणबाट भाद्र २०७९ मा प्रकाशित प्रतिवेदन (A year in review - Fiscal Year 2021/2022) अनुसार २०२२ मा Total Availability(GWh) विद्युत ११,०६४ मध्ये १,५४३ GWh विद्युत भारतबाट आयात गरिएको अवस्था अनुसार राज्यलाई आवश्यक विद्युत उत्पादनमा हालसम्म पनि आत्मनिरभर हुन नसकेको देखिन्छ ।

| सम्पत्ति, उपकरण तथा औजार | ५५४,०१९,४३८ | ५२४,६६५,१२३ | ४९५,३६७,२७२ |
| अन्य लगानी | १,९४७,००० | १,९४७,००० | १,९४७,००० |
| **जम्मा गै चालु सम्पत्ति** | **५५५,९६६,४३८** | **५२६,६१२,१२३** | **४९७,३१४,२७२** |
| **चालु सम्पत्ति** | | | |
| अग्रिम भुक्तानी रकम, पेश्की, सापटी तथा धरौटी | ६,९८८,२६९ | ६,९८८,२६९ | ६,९८८,२६९ |
| व्यवसायिक तथा अन्य प्राप्य रकम | १८,४००,२५६ | १८,४००,२५६ | १८,४००,२५६ |
| नगद तथा नगद सरह | १४७,४९९,४६२ | १८५,४२७,८३४ | २२७,०६४,८१९ |
| **जम्मा चालु सम्पत्ति** | **१७२,८८७,९८७** | **२१०,८१६,३५९** | **२५२,४५३,३४३** |
| **जम्मा सम्पत्ति** | **७२८,८५४,४२५** | **७३७,४२८,४८२** | **७४९,७६७,६१५** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूंजी | ५७२,०६४,७०० | ५७२,०६४,७०० | ५७२,०६४,७०० |
| शेयर प्रिमियम | २२,८८२,५९२ | २२,८८२,५९२ | २२,८८२,५९२ |
| सचित नाफा | १२३,४३७,०९९ | १३३,४२९,००६ | १४४,८६६,३३६ |
| **जम्मा पूँजी** | **७१८,३८४,३९१** | **७२८,३७६,२९८** | **७३९,८१३,६२८** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| बैंक ऋण | - | - | - |
| व्यवस्था | - | - | - |
| स्थगित कर दायित्व | - | - | - |
| **जम्मा गैह्र चालु दायित्व** | **-** | **-** | **-** |
| **चालु दायित्व** | | | |
| बैंक ऋण | - | - | - |
| व्यापारिक र अन्य दायित्व | ७,०५८,०३२ | ४,८२५,१८१ | ४,८९७,५३० |
| अन्य व्यवस्थाहरु | ३,४१२,००२ | ४,२२७,००२ | ५,०५६,४५६ |
| **कुल चालु दायित्व** | **१०,४७०,०३४** | **९,०५२,१८३** | **९,९५३,९८७** |
| **कुल दायित्व** | **१०,४७०,०३४** | **९,०५२,१८३** | **९,९५३,९८७** |
| **जम्मा पूँजी र दायित्व** | **७२८,८५४,४२५** | **७३७,४२८,४८२** | **७४९,७६७,६१५** |

**नाफा नोक्सान हिसाव**

**रकम रु. मा**

| विवरण | प्रक्षेपित** | | |
|---|---|---|---|
| | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ |
| **आम्दानी** | | | |
| विजुली बिक्रीबाट आम्दानी | १५५,२९४,८६६ | १५५,२९४,८६६ | १५५,२९४,८६६ |
| **विजुली बिक्रीबाट खुद आम्दानी** | **१५५,२९४,८६६** | **१५५,२९४,८६६** | **१५५,२९४,८६६** |
| **खर्च** | | | |
| प्लान्ट सञ्चालन खर्च | १९,४९१,६६४ | १९,८८१,४९८ | २०,२७९,१२८ |

| | | | |
|---|---|---|---|
| प्रशासकीय खर्च | २४,१००,५०३ | २४,५११,३९५ | २४,९३०,५०५ |
| ह्रास कट्टी र परिशोधन | २९,४२७,०९५ | २९,३५४,३१५ | २९,२९७,८५१ |
| **ब्याज खर्च तथा कर अघिको नाफा** | **८२,२७५,६०३** | **८१,५४७,६५८** | **८०,७८७,३८१** |
| ब्याज आम्दानी | ५,१८३,३४८ | ९,९८७,८१९ | १२,३७४,७८० |
| अन्य आम्दानी | - | १८४,९६५ | १८४,९६५ |
| **ब्याज खर्च अघिको नाफा /(नोक्सान)** | **८७,४५८,९५०** | **९१,७२०,४४२** | **९३,३४७,१२६** |
| वित्तीय खर्च | ६,०५४,५५३ | - | - |
| **कर र बोनस अघिको नाफा /(नोक्सान)** | **८१,४०४,३९७** | **९१,७२०,४४२** | **९३,३४७,१२६** |
| कर्मचारी बोनस | १,६२८,०८८ | १,८३४,४०९ | १,८६६,९४३ |
| संस्थागत सामाजिक उत्तरदायित्व खर्च | ७२३,३३५ | ८१५,००० | ८२९,४५४ |
| **कर अघिको नाफा /(नोक्सान)** | **७९,०५२,९७५** | **८९,०७१,०३३** | **९०,६५०,७२९** |
| कर | | | |
| हालको कर | ६,७१९,५०३ | ७,५७१,०३८ | ७,७०५,३१२ |
| स्थगित कर्जा आम्दानी (खर्च) | - | - | - |
| **आयकर कट्टी पछीको खुद नाफा/(नोक्सान)** | **७२,३३३,४७२** | **८१,४९९,९९५** | **८२,९४५,४१७** |

**नगद प्रवाह विवरण**

**रकम रु. मा**

| **विवरण** | **प्रक्षेपित**** | | |
|---|---|---|---|
| | **आ.व.२०७९/८०** | **आ.व.२०८०/८१** | **आ.व.२०८१/८२** |
| **कारोवार सञ्चालन बाट नगद प्रवाह** | | | |
| **खुद नाफा** | **७२,३३३,४७२** | **८१,४९९,९९५** | **८२,९४५,४१७** |
| ह्रास कट्टी | २९,४२७,०९५ | २९,३५४,३१५ | २९,२९७,८५१ |
| सम्पत्ती, मेशीनरी र उपकरणको विक्रीबाट भएको नाफा | - | - | - |
| मेशीनरी ब्रेकेजमा नोक्सान | - | - | - |
| सी एस आर खर्च | ७२३,३३५ | ८१५,००० | ८२९,४५४ |
| कर्मचारी बोनस | | | |
| वित्तीय खर्च | ६,०५४,५५३ | - | - |
| ब्याज भुक्तानी | - | - | - |
| लाभांश आम्दानी | - | (१८४,९६५) | (१८४,९६५) |
| **कार्यशिल पूँजीमा परिर्वतनहरु अघिको नगद प्रवाह** | **१०८,५३८,४५५** | **१११,४८४,३४५** | **११२,८८७,७५८** |
| पेश्की, अग्रिम भुक्तानी र धरौटीमा भएको कमी/(बृद्धि) | ७१२,७३९ | - | - |
| व्यापार आसामीहरुमा भएको कमी/(बृद्धि) | २,०९१,३९७ | - | - |
| अल्पकालिन कर्जा र सापतीमा भएको (कमी)/बृद्धि | - | - | - |
| व्यवस्थाहरुमा भएको (कमी)/बृद्धि | - | - | - |
| व्यापार तथा अन्य दायित्व (कमी)/बृद्धि | (२,४१४,२५५) | (२,२३२,८५०) | ७२,३४९ |
| **कार्यगत पूँजीमा परिर्वतनहरु** | **३८९,८८१** | **(२,२३२,८५०)** | **७२,३४९** |
| **संचालन गतिविधि बाट खुद नगद प्रवाह (क)** | **१०८,९२८,३३६** | **१०९,२५१,४९४** | **११२,९६०,१०७** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| सम्पत्ती, मेशीनरी र उपकरणहरुको खरीद | - | - | - |
| सम्पत्ती, मेशीनरी र उपकरणहरुको बिक्री | - | - | - |
| लगानीमा भएको कमी/(बृद्धि) | - | - | - |
| लाभाशं आम्दानी | - | १८४,९६५ | १८४,९६५ |

| | | | |
|---|---|---|---|
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | - | **१८४,९६५** | **१८४,९६५** |
| **वित्तीय श्रोत सम्बन्धी कारोबारबाट नगद प्रवाह** | | | |
| शेयर पूँजीमा कमी/बृद्धि | १४३,०१६,२०० | - | - |
| अन्तरिम लाभांश भुक्तानी | - | - | - |
| लाभांश भुक्तानी | (३६,४६९,१२३) | (७१,५०८,०८८) | (७१,५०८,०८८) |
| शेयर प्रिमियम | २२,८८२,५९२ | - | - |
| दिर्घकालीन कर्जामा कमी/बृद्धि | (३३,५१८,३२०) | - | - |
| अल्पकालीन कर्जामा कमी/बृद्धि | (७६,५६४,४६४) | - | - |
| वित्तीय खर्च | (६,०५४,५५३) | - | - |
| **वित्तीय श्रोत सम्बन्धी कारोबारबाट खुद नगद प्रवाह (ग)** | **१३,२९२,३३३** | **(७१,५०८,०८८)** | **(७१,५०८,०८८)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१२२,२२०,६६९** | **३७,९२८,३७२** | **४१,६३६,९८४** |
| **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | २५,२७८,७९३ | १४७,४९९,४६२ | १८५,४२७,८३४ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१४७,४९९,४६२** | **१८५,४२७,८३४** | **२२७,०६४,८१९** |

## स्वःपूजीमा भएको परिवर्तन

**रकम रु. मा**

| विवरण | शेयर पूँजी | संचित लाभ/(हानि) | शेयर प्रिमियम | जम्मा रकम |
|---|---|---|---|---|
| **२०७९ आषाढ मसान्तमा भएको मौजदात** | **४२९,०४८,५००** | **८७,५७२,७४९** | **-** | **५१६,६२१,२४९** |
| समायोजन | - | - | - | - |
| जारी शेयर पूँजी | १४३,०१६,२०० | - | २२,८८२,५९२ | १६५,८९८,७९२ |
| लाभांश भुक्तानी | - | (३६,४६९,१२३) | - | (३६,४६९,१२३) |
| यस बर्षको मुनाफा | - | ७२,३३३,४७२ | - | ७२,३३३,४७२ |
| बोनस शेयर जारी गर्ने | - | - | - | - |
| **२०८० आषाढ मसान्तमा भएको मौजदात** | **५७२,०६४,७००** | **१२३,४३७,०९८** | **२२,८८२,५९२** | **७१८,३८४,३९०** |
| समायोजन | - | - | - | - |
| जारी शेयर पूँजी | - | - | - | - |
| लाभांश भुक्तानी | - | (७१,५०८,०८८) | - | (७१,५०८,०८८) |
| यस बर्षको मुनाफा | - | ८१,४९९,९९५ | - | ८१,४९९,९९५ |
| बोनस शेयर जारी गर्ने | - | - | - | - |
| **२०८१ आषाढ मसान्तमा भएको मौजदात** | **५७२,०६४,७००** | **१३३,४२९,००५** | **२२,८८२,५९२** | **७२८,३७६,२९७** |
| समायोजन | - | - | - | - |
| जारी शेयर पूँजी | - | - | - | - |
| लाभांश भुक्तानी | - | (७१,५०८,०८८) | - | (७१,५०८,०८८) |
| यस बर्षको मुनाफा | - | ८२,९४५,४१७ | - | ८२,९४५,४१७ |
| बोनस शेयर जारी गर्ने | - | - | - | - |
| **२०८२ आषाढ मसान्तमा भएको मौजदात** | **५७२,०६४,७००** | **१४४,८६६,३३४** | **२२,८८२,५९२** | **७३९,८१३,६२६** |

** कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री एस.आर.पाण्डे एण्ड को., चार्टर्ड एकाउन्टेन्ट्सले गर्नु भएको हो ।

### वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :

१. आम्दानी : यस कम्पनीको आम्दानी नेपाल विद्युत प्राधिकरणको सम्झौतापत्रमा भएको प्रति एकाई लागत अनुसार गणना गरिएको छ र सो को विवरण तल उल्लेख गरिएको छ :

| **अवधि** | **२०७८/७९ पश्चात्** | |
|---|---|---|
| सुख्खा याम | ८.८९ | प्रति किलोवाट घण्टा |
| वर्षा याम | ५.०८ | प्रति किलोवाट घण्टा |

आयोजनाको आम्दानी जम्मा कन्ट्रायाक्टेड आम्दानीको (Total Contracted Revenue) ८६.३८ प्रतिशत कार्य दक्षतामा ( Efficiency) हुने प्रक्षेपण गरिएको छ ।

२. रोयल्टी खर्च

रोयल्टी खर्चको गणना विद्युत ऐन, २०४९ बमोजिम तल उल्लेख भए अनुसार रहेको प्रक्षेपण गरिएको छ :

| | |
|---|---|
| क्षमता बमोजिम रोयल्टी (१५ वर्ष सम्म) | : रु. १००/किलोवाट |
| आम्दानी बमोजिम रोयल्टी (१५ वर्ष सम्म ) | : बिलको राजश्वको २ प्रतिशत |
| क्षमता बमोजिम रोयल्टी (१५ वर्ष पश्चात्) | : रु. १,०००/किलोवाट |
| आम्दानी बमोजिम रोयल्टी (१५ वर्ष पश्चात्) | : बिलको राजश्वको १० प्रतिशत |

३. उपकरण सञ्चालन खर्च वार्षिक २ प्रतिशतको दरले बढ्ने प्रक्षेपण गरिएको छ ।

४. नियमित प्रशासन खर्चको गणना वार्षिक २ प्रतिशतको दरले बढ्ने प्रक्षेपण गरिएको छ ।

५. वित्तीय खर्चहरु कम्पनीले भुक्तानी गर्ने ब्याजहरु तिर्न बाँकी ऋण रकमको वार्षिक ११ प्रतिशतको दरले गणना गरिएको छ ।

६. कर्मचारीहरुको बोनश विद्युत ऐन २०४९ अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ ।

७. प्राथमिक निष्काशनबाट प्राप्त प्रिमियम रकम प्राथमिक निष्काशनबाट प्राप्त हुने रु.१६/- बराबरको प्रिमियम रकमबाट उठ्ने प्रक्षेपण गरिएको छ ।

८. उपकरणको मर्मत तथा संभार खर्च हरेक चार चार वर्षमा सम्पत्ति मूल्यको २ प्रतिशतले खर्च हुने प्रक्षेपण गरिएको छ ।

९. ब्याज आम्दानीः मुद्धती र कल खातामा लगानी गरी औषतमा वार्षिक ६ प्रतिशतले ब्याज आम्दानी प्राप्त गर्ने प्रक्षेपण गरिएको छ ।

१०. लाभांश आम्दानी सिभिल हाईड्रोपावर कम्पनी लिमिटेडबाट आर्थिक वर्ष २०८१/८२ देखि वार्षिक १० प्रतिशतका दरले प्राप्तहुने प्रक्षेपण गरिएको छ ।

११. सामाजिक उत्तरदायित्व खर्च औद्यौगिक व्यवसाय ऐन २०७६ तथा सो अन्तर्गतका नियमावलीहरु बमोजिम खुद नाफाको १ प्रतिशतका दरले खर्च हुने प्रक्षेपण गरिएको छ ।

१२. न्यूनतम नगद मौज्दात : न्यूनतम नगद मौज्दात १५ लाख प्रक्षेपण गरिएको छ ।

१३. आयकर दरः कम्पनीलाई आयकर ऐन २०५८ को दफा ११ (३ घ) बमोजिम भदौ ५, २०७९ सम्म कर्पोरेट आयकरमा पूर्ण छुट दिइएको छ । भाद्र ५, २०७९ पछि आगामी ५ वर्षको लागि १०% कर लागु हुनेछ र भाद्र ५, २०८४ पछि २०% कर लागु हुनेछ । साथै, कम्पनी आर्थिक वर्ष २०८०/८१ मा नेप्सेमा सूचीकृत हुनेछ र आयकर ऐन दफा ११ (३ छ) बमोजिम लागू हुने कर दरको १५% कर छुट हुनेछ ।

१४. ह्रासकट्टीः ह्रासकट्टी निम्न आधारमा गणना गरिएको छः

जग्गा, भवन र संरचनाः ३० वर्ष परियोजनाको जीवनमा आधारित

कार्यालय उपकरण र डाटा प्रोसेसिंग एकाइहरूः २५ प्रतिशत् WDV विधि

अटोमोबाइल र सवारी साधनः २० प्रतिशत् WDV विधि

उद्योग विशिष्ट सम्पत्ति (क): १५ प्रतिशत् WDV विधि

उद्योग विशिष्ट सम्पत्ति (ख): ३० वर्ष परियोजनाको जीवनमा आधारित

१५. विद्युत विक्रीबाट रकम प्राप्त हुन लाग्ने अवधि : हरेक महिनाको विद्युत विक्री वापतको रकम विद्युत बिक्री भएको २ महिना पश्चात् मात्र नेपाल विद्युत प्राधिकरणबाट प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

## ख) वित्तीय अनुपात सम्बन्धी विवरण :

क) संगठित संस्थाको सञ्चालनअवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औसत प्रतिफल निम्नानुसार छ ।

कम्पनीको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम छ :

| विवरण | वास्तविक | | | अपरिष्कृत* | प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | चैत्र मसान्त २०७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| चुक्ता पुँजी | ३९७,२६७,२०० | ४२९,०४८,५०० | ४२९,०४८,५०० | ४२९,०४८,५०० | ५७२,०६४,७०० | ५७२,०६४,७०० | ५७२,०६४,७०० |
| शेयर प्रिमियम | - | - | - | - | २२,८८२,५९२ | २२,८८२,५९२ | २२,८८२,५९२ |
| संचित नाफा | ५९,३३४,७४५ | ४१,१९४,२८८ | ८७,५७२,७४९ | ११५,४७६,४६६ | १२३,४३७,०९९ | १३३,४२९,००६ | १४४,८६६,३३६ |
| जम्मा (नेटवर्थ) | ४५६,६०१,९४५ | ४७०,२४२,७८८ | ५१६,६२१,२४९ | ५४४,५२४,९६६ | ७१८,३८४,३९१ | ७२८,३७६,२९८ | ७३९,८१३,६२८ |
| शेयर संख्या | ३,९७२,६७२ | ४,२९०,४८५ | ४,२९०,४८५ | ४,२९०,४८५ | ५,७२०,६४७ | ५,७२०,६४७ | ५,७२०,६४७ |
| खुद नाफा | ४४,३८०,५५१ | ३६,२२२,३४३ | ८२,५०८,८६१ | ५९,९२८,६५६ | ७२,३३३,४७२ | ८१,४९९,९९५ | ८२,९४५,४१७ |
| प्रति शेयर नेटवर्थ | ११४.९४ | १०९.६ | १२०.४१ | १२६.९१ | १२५.५८ | १२७.३२ | १२९.३२ |
| प्रति शेयर आम्दानी ( | ११.१७ | ८.४४ | १९.२३ | १३.९७ | १२.६४ | १४.२५ | १४.५ |

| EPS) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नेटवर्थमा प्रतिफल (%) | ९.७२% | ७.७०% | १५.९७% | ११.०१% | १०.०७% | ११.१९% | ११.२१% |
| **निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल : १६.६८%** | | | | | | | |

* चैत्र मसान्त २०७९ को लेखापरिक्षक तथा व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण अनुसार ।
** कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री एस.आर.पाण्डे एण्ड को., चार्टर्ड एकाउन्टेन्टस्ले गर्नु भएको हो ।

**ख) विगत तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :** ११.१३%

## १०) धितोपत्र निष्काशन सम्बन्धी विवरणः

### क) धितोपत्र जारी गर्नुको उद्देश्य

१. कम्पनीको प्रवन्ध-पत्रमा रहेको जारी पूँजीको १०% शेयर अयोजना प्रभावित क्षेत्रका वासिन्दालाई तथा जारी पूँजीको १५% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु. १४,३०,१६,२००/- शेयर पूँजी बराबर आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दा, सर्वसाधारण नेपाली नागरिकहरु (बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु, सामुहिक लगानी कोष तथा कर्मचारी समेत) लाई बिक्री वितरण गरी कम्पनीको चुक्ता पूँजी रु. ५७,२०,६४,७००/- पुर्याउन ।
२. निष्काशनबाट प्राप्त रकम आयोजनाको कर्जा भुक्तानीका लागि प्रयोग गरिने मुख्य उद्देश्य रहेको छ ।
३. कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
४. कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।
५. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिने ।

### ख) धितोपत्र निष्कासनबाट प्राप्त पुंजीको उपयोग

**(क) निष्कासनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत्सम्बन्धी विवरण**

| क. सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | कर्जा भुक्तानी | ६८,८०२,३२०.०० |
| २ | मर्मत संभार तथा स्पेयर पार्टस | ७४,२१३,८८०.०० |
| **जम्मा** | | १४३,०१६,२००.०० |

| क्र.सं. | कर्जा लिएको बैंकको नाम | २०७९ पौष मसान्तसम्म बाँकी ऋण रकम | भुक्तानी गरिने रकम रु. | भुक्तानी पश्चात् बाँकी हुने ऋण रकम रु. |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड..(टर्म लोन) | २२,००२,९६० | २२,००२,९६० | - |
| २ | नेपाल बैंक लिमिटेड..(टर्म लोन) | १९,९३५,६८० | १९,९३५,६८० | - |
| ३ | नबिल बैंक लिमिटेड..(टर्म लोन) | २६,८६३,६८० | २६,८६३,६८० | - |
| **जम्मा** | | **६८,८०२,३२०** | **६८,८०२,३२०** | **-** |

**(ख) सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :**

अन्य जलविद्युत कम्पनीहरुले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेको छ । कथंकदाचित निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागी निष्काशन गरिने शेयरमा थप गरिने छ । सर्वसाधारणलाई थप गरि निष्काशन गरे पश्चात समेत पूर्ण रुपमा विक्री नभए श्री नविल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेडसँग भएको प्रत्याभुती सम्वन्धि सम्झौता अनुसार उक्त प्रत्याभुतीकर्तालाई विक्री गरिनेछ ।

**ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**

कम्पनीबाट निर्मित आयोजना कास्की जिल्लाको पोखरा म.न.पा. को वडा नं २६ मा पर्दछ । सो आयोजनाको लागि आवश्यक पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भई मिति २०६९/०५/०५ गतेबाट आयोजना संचालनमा रही विद्युत उत्पादन भईरहेको छ ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**

आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०६९ भाद्र ५ गते देखि पूर्ण रुपमा व्यवसायिक उत्पादन शुरु भइसकेको छ ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु :**

**संस्थाले खरिद गरेको उपकरणको मूल्यः**

संगठित संस्थाले कुनै उपकरण खरिद गरेको उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता तल उल्लेखित छन ।

| सि.नं | विवरण | सप्लायर्सको नाम | रकम (रु.) |
|---|---|---|---|
| १ | Design, Supply, & Delivery of Electro – Mechanical Equipment | Hunan Allonward Hydro-Generating Equipment Co., Ltd., China | १६,७१,४५,५९९।४८ |
| २ | Hydromechanical Works | Machhapuchhre Metal & Machinery Works P. Ltd., Pokhara | ४,७६,९७,१३६ |
| ३ | Civil Works | K.C. Consrutuction Firm, Pokhara | २५,०८,३८,२३३ |
| ४ | Agreement for sale and purchase of Prime Mild Steel Non Alloy Hot Rolled Plates | Steel Authority India Ltd., India | ३,०५,६६,५११।१४ |

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

आयोजनाको प्रकृती : जलविद्युत आयोजना

प्रयोगकर्ता : आयोजनाबाट उत्पादित बिद्युत शक्ति नेपाल विद्युत प्रधिकरणको राष्ट्रिय प्रसारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गरिरहेको ।

प्रतिस्पर्धा : हाल प्रतिस्पर्धा नरहेको ।

लक्षित समूह : नेपाल विद्युत प्रधिकरण ।

उत्पादन क्षमता : यस जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ४.५ मेगावाट रहेको छ ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :**

कास्की जिल्लाको पोखरा महानगरपालिका भई बग्ने विजयपुर खोलाको पानी र सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत**

कास्की जिल्लाको लेखनाथ नगरपालिका भई बग्ने विजयपुर खोलाको पानी ।

**(ञ) सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धी विवरण :**

(अ) **निष्काशन तथा बिक्री प्रबन्धकलाई दिईने शुल्क :** रु.१,००,०००/-

(आ) **ट्रष्टि (डिवेन्चर/बण्ड निष्काशनको हकमा):** निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(इ) **प्रत्याभूतिकर्ताः प्रत्याभुति शुल्क** रु.४,१४,७४७/-

(ई) **विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क :** वित्तिय प्रक्षेपण तयार गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु.१,००,०००/- बुझाइने छ ।

(उ) **लेखापरीक्षकः** लेखा परिक्षकलाई दिने शुल्क रु.१,२०,०००/-

(ऊ) **अन्यः**

**आयोजना प्रभावित क्षेत्रको हकमा**

सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क कमिशन भुक्तान गर्नु नपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रवन्धकलाई भुक्तान गर्नेछन् । निष्काशन तथा बिक्री प्रबन्धकबाट धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १८ को उपदफा ८ बमोजिम तोकिएका संकलन केन्द्रलाई आवेदन फारमसहित रकम संकलन गरे वापत संकलित रकममा ०.१% (शून्य दशमलब एक प्रतिशत) सेवा शुल्क, बाँडफाँडमा नपरेको शेयर वापतको रकम आवेदकहरुलाई फिर्ता भुक्तानी दिंदा फिर्ता भुक्तानी भएको रकममा ०.१% (शून्य दशमलब एक प्रतिशत) सेवा शुल्क र शेयरधनीहरुलाई शेयरको प्रमाणपत्र वितरण गरेवापत प्रति प्रमाणपत्र रु.२/- सेवा शुल्कको रुपमा दिने व्यवस्था गरिएको छ । आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क कमिशन भुक्तान गर्नु नपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रवन्धकलाई भुक्तान गर्नेछन् ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणका लागि:**

सि-आस्बा प्रणाली कार्यान्वयन भईसकेको सन्दर्भमा सि-आस्बाको सदस्यता लिएका बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनका लागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क कमिशन भुक्तान गर्नु नपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रवन्धकलाई भुक्तान गर्नेछन् । सि-आस्बा प्रणाली कार्यान्वयन भएको सन्दर्भमा निष्काशन बैंकको आवश्यकता नहुने भएता पनि आवश्यकता अनुसार निष्काशन बैंक खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा गराईने छ ।

ग) **सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सो नभएको

घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :**

शेयरको अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१६/- थप गरी प्रति शेयर रु.११६/- मा निष्काशन गरिएको छ । प्रिमियम मूल्यमा शेयर निष्काशन गर्नुको औचित्य र सोका लागि कम्पनीले पालना गरेको अवस्था निम्नानुसार रहेका छन् ।

क) संगठित संस्था लगातार पछिल्लो तीन वर्षसम्म खुद मुनाफामा संचालनमा रही शेयरधनीहरुलाई लाभांश वितरण गरिरहेको ।

ख) संगठित संस्थाको प्रति शेयर चुक्ता पूँजी भन्दा प्रति शेयर नेटवर्थ बढी भएको ।

ग) संगठित संस्थाको मिति २०७९/०१/२० मा सम्पन्न विशेष साधारण सभाले प्रिमियम मूल्यमा धितोपत्र जारी गर्ने निर्णय गरेको र सोही बमोजिम संगठित संस्थाको नियमावलीमा आवश्यक संशोधन समेत भै सकेको ।

घ) यस विवरणपत्र मार्फत प्रिमियममा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको मूल्याङ्कन सम्वन्धी कार्य गर्नकालागि संगठित संस्थाभन्दा बाहिरका विज्ञ एस.आर.पाण्डे एण्ड कम्पनी काठमाडौंद्वारा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिकामा तोकिएको विधिद्वारा मूल्याङ्कन गरी मूल्य निर्धारण गरिएको हो । उक्त विज्ञबाट प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएका विधिहरु देहाय बमोजिम रहेको छ ।

१) प्रति शेयर खुद सम्पत्तिको मूल्य रु.१२०.४१ हुन आएको ।
जम्मा शेयर कित्ता ४२,९०,४८५
नेटवर्थ (आषाढ मसान्त, २०७९) रु.५१,६६,२१,२४९/-
प्रति शेयर मूल्य रु. १२०.४१

२) पूँजीकृत भएको आम्दानी Capitalized Earning Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु. ८६/३२ हुन आएको ।

| विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ |
|---|---|---|---|
| करपछिको मुनाफा | ४,४३,८०,५५१ | ३,६२,२२,३४३ | ८,२५,०८,८६१ |
| Capital Equity | ३९,७२,६७२ | ४२,९०,४८५ | ४२,९०,४८५ |
| Return on Capital | ११.१७% | ८.४४% | १९% |
| Weighted Average Profit (Per share) | | | १३% |
| WACC | | | १५.००% |
| पूँजीकृत भएको आम्दानी Capitalized Earning Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य | | | रु. ८६.३२ |

३) Discounted Cash Flow Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु. १४२.५३ हुनआएको ।

| | |
|---|---|
| इन्टरप्राइज भ्यालु | रु. ६९६,३२६,८४१/- |
| जोडः नगद तथा नगद सरह | रु. २५,२७८,७९३/- |
| घटाउः ऋण | रु. (११०,०८२,७८४)/- |
| इक्विटी भ्यालु | रु. ६११,५२२,८५१/- |
| शेयर संख्या | रु. ४,२९०,४८५/- |
| **इनट्रिसिक भ्यालु** | **रु. १४२.५३/-** |

अ.धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को नियम ३६(१) बमोजिम गणना गरी हुन आएको औषत मूल्य रु.११६.४२ ।

आ.धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को नियम ३६(२) बमोजिम नेटवर्थको दुई गुणासम्म गणना गर्दा रु.२४०.८२ हुन आएको ।

कम्पनीको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रति शेयर नेटवर्थको दुई गुणाले हुन आउने मूल्य रु. २४०.८२ भएको हुँदा उपरोक्त गणनाका आधारमध्ये पहिलो औषत तरिकाबाट प्राप्त औषत प्रिमियम मूल्य कम हुन आएकोले प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम मूल्य रु. १६ थप गरी प्रति शेयर रु.११६/- मा प्रिमियममा सार्वजनिक निष्काशन गर्न सकिने सिफारिश भै आएकोमा यस कम्पनीको संचालक समितिको मिति २०७९/०२/२२ मा बसेको बैठकबाट अंकित मूल्य रु. १००/- मा प्रिमियम मूल्य रु.१६/- थप गरी प्रति शेयर रु.११६/- मा सर्वसाधारणहरुलाई सार्वजनिक निष्काशन गर्ने गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि पेश गर्ने निर्णय भएको ।

ङ) यस कम्पनीलाई Care Ratings Nepal Limitedले मिति २०७९/१२/२२ मा समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा मध्यम मात्रामा सुरक्षीत (moderate degree of safety regarding timely servicing of financial obligation) कम्पनी जनाउने CARE-NP BBB-(Is) (Triple B Minus [Issuer]) प्रदान गरेको छ ।

## ङ) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः

### (क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :

**आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुः**

आयोजना प्रभावित क्षेत्र अर्थात कास्की जिल्लाको पोखरा महानगरपालिका बडा नं. १३, १४, २६ र २७ (साविकको पोखरा उप-महानगरपालिका वडा नं. १३, १४, १८ २२ र लेखनाथ नगरपालिका वडा नं २, ३, ४, ५, ६ र ७ ) का स्थानीय बासिन्दाहरुका लागी छुट्याइएको जारी पूँजीको १० प्रतिशतले हुन आउने ५,७२,०६५ कित्ता शेयरका लागि स्थानीय बासिन्दाहरुबाट अत्याधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । कम्पनीले स्थानीय बासिन्दाहरुलाई खरीद गर्न आव्हान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा (४) को उपनियम (३) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु :**

नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेको नेपाली नागरिकहरुको लागी छुट्याइएको सर्वसाधारणहरुमा निष्काशन गरिने ८,५८,०९७ कित्ता धितोपत्रको १० प्रतिशतले हुन आउने ८५,८१० कित्ता शेयरका लागि नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेको नेपाली नागरिकहरुबाट अत्याधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । कम्पनीले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेको नेपाली नागरिकहरुलाई खरीद गर्न आव्हान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा (४) ख को उपनियम (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ ।

**सर्वसाधारण शेयरधनीहरु :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदका लागि आवेदनकर्ताहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ ।

नोट : यस विवरणपत्र मार्फत निष्काशन गरिने १४,३०,१६२ कित्ता साधारण शेयर मध्ये कम्पनीको जारी पूँजीको १० प्रतिशत अर्थात् ५,७२,०६५ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र कास्की जिल्ला पोखरा महानगरपालिका बडा नं. १३, १४, २६ र २७ (साविकको पोखरा उप-महानगरपालिका वडा नं. १३, १४, १८, २२ र लेखनाथ नगरपालिका वडा नं २, ३, ४, ५, ६ र ७ )का स्थानीय स्थानीयहरुलाई र ८,५८,०९७ कित्ता सार्वजनिक निष्काशन गरिने धितोपत्रको १० प्रतिशत अर्थात ८५,८१० कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीलाई, ५ प्रतिशत अर्थात ४२,९०५ कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २ प्रतिशत अर्थात १७,१६२ कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि सुरक्षित गरी बाँकी ७,१२,२२० कित्ता साधारण शेयरहरु सर्वसाधारणमा निष्काशन गरिनेछ । आयोजना प्रभावित क्षेत्र कास्की जिल्ला पोखरा महानगरपालिका बडा नं. १३, १४, २६ र २७ ( साविकको पोखरा उप-महानगरपालिका वडा नं. १३, १४, १८, २२ र लेखनाथ नगरपालिका वडा नं २, ३, ४, ५, ६ र ७) का स्थानीय बासिन्दाहरुलाई खरीद गर्न आव्हान गरेको शेयर पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने हुनाले वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु, सामुहिक लगानी कोषका लागि सुरक्षित गरिएको र सर्वसाधारणमा विक्री गरिने शेयर संख्या परिवर्तन हुन सक्ने छ । साथै वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु, सामुहिक लगानी कोषका लागि सुरक्षित गरीएको शेयरहरु पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा विक्री गरिने शेयरहरुमा थप गरी विक्री गरिने छ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः**

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार शेयर बाँडफाँड गरे पश्चात स्थानीय वासिन्दाहरुको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ । आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु तथा वैदेशिक रोजगारीमा रहेको नेपालीहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद ( सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा हुने व्यवस्था मिलाईने छ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

“धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा सर्वसाधारणलाई जारी गरिने शेयरको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा :** भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था अनुसार उपदफा (२) बमोजिम भुक्तानी फिर्ता गर्दा धितोपत्र बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ । आस्वा मार्फत आवेदन दिएकाको हकमा यो व्यवस्था लागुहुने छैन ।

**(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाण पत्र जारी सम्वन्धी प्रकृया र समयावधी :**

निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

**च) प्रत्याभूति सम्बन्धी विवरणः**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः**

प्रत्याभुति गरिएको कित्ताः १४,३०,१६२ कित्ता

प्रत्याभुत गरिएको रकमः रु. १६,५८,९८,७९२/-

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगानाः

नविल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं ।

**ख) धितोपत्र प्रत्याभुतिकर्ता संग गरिएको सम्झौताको मुख्य मुख्य बूंदाहरुः**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

१. प्रत्याभूतिकर्ताले रु.१००/- अंकित दरमा प्रिमियम रकम रु.१६/- थप गरी जम्मा प्रति शेयर रु.११६/- दरका १४,३०,१६२ कित्ता साधारण शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।

२. प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत यस संस्थाले रु.४,१४,७४७/– कमिशनको रुपमा दिइने छ । उक्त रकमको ५०% ले हुन आउने रकम कम्पनीले सम्झौता गरेको सात दिन भित्र, पछि फिर्ता नहुने गरी प्रदान गर्नेछ र अन्तिम किस्ता नेपाल धितोपत्र बोर्डमा विवरणपत्र स्वीकृत भई आव्हान-पत्र प्रकाशन हुनु पुर्व बाँकी रकम भुक्तानी गर्नेछ ।

३. प्रत्याभूतिकर्ताहरुले कम्पनीको साधारण शेयर प्रत्याभूति गर्न प्रत्याभूत्रि सम्झौताबाट कबुल गरेको शेयर कित्ता निम्नानुसार रहेको छ ।

| सि.नं. | प्रत्याभूतिकर्ताको नाम | प्रत्याभूत गरिएको शेयर कित्ता | प्रत्याभूत गरिएको रकम (रु.) | कमिसन रकम (रु.) |
|---|---|---|---|---|
| १ | नविल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड | १४,३०,१६२ | १६,५८,९८,७९२/- | ४,१४,७४७/- |
| | **जम्मा** | **१४,३०,१६२** | **१६,५८,९८,७९२/-** | **४,१४,७४७/-** |

निष्काशन कम्पनी निष्काशन गर्ने शेयरहरु पूर्ण रुपमा खरिद भएपछि प्रत्याभुतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।

५. यो सम्झौता पत्रमा उल्लेखित कुनै शर्त तथा त्यसको पालना एंवम व्याख्याका विषयमा निष्काशन कम्पनी तथा प्रत्याभुतिकर्ता बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद आपासी छलफल गरी सहमतिबाट समाधान गरिनेछ । यसरी आपासी सहमतीबाट विवाद समाधान नभएमा प्रचलित कानुन बमोजिम विवाद समाधान गरिनेछ ।

६. यो सम्झौता मिति २०७९ चैत्र ३० देखि ६ महिनाको लागि मात्र मान्य हुनेछ । कुनै कारणबश सो अवधि भित्र शेयर निष्काशनको कार्य सम्पन्न हुन नसकेमा निष्काशन कम्पनीलाई थप वित्तीय भार नपर्ने गरी सो अवधी अर्को ३ महिनाका लागि थप हुनेछ । तर सो थप अवधी समाप्त भएमा यो सम्झौता अन्त्य हुनेछ र नयाँ सम्झौता गर्नु पर्नेछ ।

छ) **आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण,**

यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण,**

१. कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ३२, सुविधानगर, काठमाडौं तथा यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लि., काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा आयोजना प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– अंकित दरमा प्रिमियम रकम रु १६/- थप गरी जम्मा रकम रु. ११६/- दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ । आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– अंकित दरमा प्रिमियम रकम रु १६/- थप गरी जम्मा रकम रु. ११६/- दरले C–ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा आयोजना प्रभावित क्षेत्रका आवेदकहरुको हकमा अधिकतम ५,००० कित्ता, वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा अधिकतम ५,००० कित्ता तथा अन्य सर्वसाधारण आवेदकहरुको हकमा अधिकतम ५,००० कित्ता सम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

(ग) **आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरुः**

**१. आयोजना प्रभावित क्षेत्र कास्की जिल्ला, पोखरा महानगरपालिका बडा नं. १३, १४, २६ र २७ (साविकको पोखरा उप-महानगरपालिका वडा नं. १३, १४, १८ २२ र लेखनाथ नगरपालिका वडा नं २, ३, ४, ५, ६ र ७) का स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि निम्न बमोजिम आवेदन दिन सक्नेछन् ।**

कास्की जिल्ला, पोखरा महानगरपालिका बडा नं. १३, १४, २६ र २७ (साविकको पोखरा उप-महानगरपालिका वडा नं. १३, १४, १८, २२ र लेखनाथ नगरपालिका वडा नं २, ३, ४, ५, ६ र ७ ) का स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।

३. १६ बर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बसाईंसराई गरि आएको हकमा आह्वानपत्र प्रकाशित हुनु भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा यस कम्पनीको निर्णय बमोजिम हुनेछ ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी कास्की जिल्लाको पोखरा महानगरपालिका बडा नं. १३, १४, २६ र २७ (साविकको पोखरा उप-महानगरपालिका वडा नं. १३, १४, १८, २२ र लेखनाथ नगरपालिका वडा नं २, ३, ४, ५, ६ र ७ ) छोडी अन्य जिल्ला गएका महिला एवं कास्की जिल्लाको पोखरा महानगरपालिका बडा नं. १३, १४, २६ र २७ (साविकको पोखरा उप-महानगरपालिका वडा नं. १३, १४, १८, २२ र लेखनाथ नगरपालिका वडा नं २, ३, ४, ५, ६ र ७ ) छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१३. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेको नेपाली नागरिकहरुका लागि तथा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१५. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१६. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

१७. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१८. हितग्राही खाता खोलिसकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

१९. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ ।

२०. C-ASBA सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुले आवेदन फारम बुझिलिंदा उल्लेखित कागजात संलग्न गरे नगरेको यकिन गरी सक्कल कागजातसंग रुजु गरेर मात्र बुझिलिनुपर्नेछ र यसरी बुझीलिएको फारम तोकिएको समयावधि भित्र C-ASBA प्रणालीमा प्रवृष्टि गर्नुपर्नेछ ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१.नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२.यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण ( रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३.शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ ।

४.नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट खाता खोल्दा विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान विवरण रुजु गरी हितग्राही खाता खोल्न सक्नेछ ।

५.निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६.आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयर बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

७.आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

८.सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको ह'नु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

९.रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

१०.आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछः

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम अंक र अक्षरमा ।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही डिम्याट खाता नम्बर

११. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

१२. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१३. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१४. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१५. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१६. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१७. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१८. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जानेगरी ५,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

